# देउरानी फुलबारी सामुदायिक वन उपभोक्ता समूह

मधुवन नगरपालिका वडा नं. ४, बर्दिया

## गोलिया काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

दोस्रो पटक सूचना प्रकाशन मितिः २०८३/०३/१६ गते मंगलवार

यस समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार आ.व. २०८२/०८३ मा उत्पादन भई डिभिजन वन कार्यालय, वर्दियाको च.नं. ४७८७ र ४९२७ मिति २०८३/०१/३० र २०८३/०२/०७ गतेको लिलाम सहमति पत्रानुसार समूहको घाटगद्धीमा रहेको निम्न परिमाणको गोलिया काठ हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी वोलपत्रद्वारा लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून वमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना सौर्य राष्ट्रिय दैनिक पत्रिकामा दोस्रो पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनको कार्यालय समयभित्र यस समूह वा डिभिजन वन कार्यालय, वर्दियावाट शिलबन्दी वोलपत्र खरिद गरी २२ औं दिनको २:०० वजेभित्र दाखिला गर्न आह्वान गरिन्छ।

तपसिल

| लट नं. | घाटगढी स्थान | पाईलिङ्ग नं. | क्र. सं. | जात | ग्रेड | गोलिया थान | परिमाण (घ.फि.) | दर | न्यूनतम मूल्य रु. | संकलन खर्च रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| BA/13/13-a01-01-2083/03/16-p | समूहको घाटगद्धीमा | २ देखि ४ सम्म (RF/BRF/FT/TI) | १ | साल | ए | ९२ | १८८७.४० | १२५० | २३५९२५०.० | ७६००२८.० | |
| | | | २ | साल | बि | ११८ | १४५०.०२ | ९०० | १३०५०१८.० | | |
| | | | ३ | साल | सि | १८१ | ६४०.६२ | ६०० | ३८४३७२.० | | |
| | | | ४ | साल | डि | १६ | २३.८९ | ३०० | ७१६७.० | | |
| | | ५ (BRF) | ५ | अस्ना | ए | ५ | ७१.४१ | ४०० | २८५६४.० | | |
| | | | ६ | अस्ना | बि | १३ | १५४.८३ | ३०० | ४६४४९.० | | |
| | | | ७ | अस्ना | सि | ४९ | २४३.३४ | १०० | २४३३४.० | | |
| | | ४, ५ र १३(RF/BRF/TI) | ८ | खयर | N | १७२४ | १७३१.९० | १००० | १७३१९००.० | | |
| जम्मा | | | | | | २१९८ | ६२०३.५० | | ५८८७०५४.० | ७६००२८.० | |

शर्त तथा नियमहरुः

१) बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय

क) अन्तिम मितिः २०८३/०४/०४ गते सोमवार  ख) समयः कार्यालय समयभित्र

२) वोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय

क) अन्तिम मितिः २०८३/०४/०५ गते मंगलवार  ख) समयः मध्यान्ह १२:०० बजेसम्म

३) वोलपत्र खोल्ने अन्तिम मिति र समय

क) अन्तिम मितिः २०८३/०४/०६ बुधवार  ख) समयः मध्यान्ह २:०० बजे

४) वोलपत्र फारामको दस्तुर रु. एकलाख सम्मको रु. ३००।-, रु. १ लाख देखि १० लाख सम्मको रु. १,०००।- र सो भन्दा माथीको रु. २,०००।- (पछि फिर्ता नहुने गरी) तिरी यस समूह वा डिभिजन वन कार्यालय, वर्दियाबाट सौर्य राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८३/०३/१६ गते मंगलवार सूचना प्रकाशित भएको मितिले २१ औं दिनको कार्यालय समयभित्र खरिद गरी २२ औं दिनको अपरान्ह १२:०० बजेसम्म यस समूह वा डिभिजन वन कार्यालय, वर्दियावाट दर्ता गर्न सकिनेछ।

५) खरिद गरिएका बोलपत्र साथ कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम यस सामुदायिक वनको नाममा राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेड, गुलरिया, बर्दियामा रहेको खाता नं. ४१४०१००००८४५६००१ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश गरी पेश गर्नुपर्नेछ।

६) लिलाम बढाबढ हुने वन पैदावारहरु उपरोक्तानुसार घाटगढी स्थलमा गइ हेर्न सकिनेछ।

७) लिलाममा भाग लिन ईच्छुक व्यक्ति, संघसंस्था, फर्म वा कम्पनीले नेपाली नागरिकताको प्रमाणपत्रको छाँयाप्रति, कर चुक्ता प्रमाण पत्रको छाँयाप्रति, मु.अ.क. दर्ता प्रमाणपत्रको छाँयाप्रति वा स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको छाँयाप्रति (नवीकरण भएका मात्र) र सूची दर्ताको प्रमाणपत्रको छाँयाप्रति बोलपत्र साथ पेश गर्नुपर्नेछ।

८) निर्धारित गरिएको न्यूनतम संख्याका र रितपूर्वक पर्न आएका बोलपत्रहरु यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट प्राप्त भएपछि साक्षीहरुको रोहवरमा खोलिनेछ।

९) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको वा समूहको सूचना पाटीमा सूचना टाँस गरिएको मितिले १० दिन भित्र सकार गरेको रकम, सङ्कलन खर्च तथा निर्धारित मूल्य अभिवृद्धि कर समेत बुझाई लिलाम चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ।

१०) बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा प्रष्ट लेख्नु पर्छ। अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ

११) छुट्टाछुट्टै लटको लागि छुट्टाछुट्टै बोलपत्र खरिद गरी पेश गर्नु पर्नेछ।

१२) सङ्कलन तथा घाटगढी खर्च छुट्टै बुझाउनु पर्नेछ।

१३) तोकिएको समय भित्र सकार रकम, मु.अ.कर, सङ्कलन खर्च र अन्य बुझाउनु पर्ने रकम बुझाउन नआएमा वा नबुझाएमा तत्काल धरौटी जफत गरी नियमानुसार गरिनेछ।

१४) बोलपत्र स्वीकृत गर्ने नगर्ने अधिकार यस समूहमा निहित रहने छ।

१५) अन्य जानकारीको लागि कार्यालय समयमा यस समूहमा सम्पर्क राख्न सकिनेछ।

१६) बोलपत्र खरीद गर्ने अन्तिम दिनमा सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट वा कार्यालय खुलेको समयमा खरीद गरी क्रमशः दर्ता गर्न सकिनेछ साथै दर्ता गर्ने दिनमा सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट तोकिएको समयभित्र दर्ता गर्न सकिनेछ।

# अव्यवस्थाबाट नमुना बन्दै नयाँ बसपार्क

■ सौर्य समाचार



काठमाडौँ । कुनै बेला जस्ताका टहराले घेरिएको तथा फोहोर र दुर्गन्धले भरिने गरेको नयाँ बसपार्क पछिल्लो समय व्यवस्थित बन्दै गएको छ । काठमाडौँ महानगरपालिका-२६ विष्णुमती खोला किनारामा अवस्थित १६१ रोपनीमा रहेको बसपार्क विगतमा जस्तो फोहोर र दुर्गन्धित छैन । काठमाडौँ महानगरपालिकाको पहल र जापान अन्तर्राष्ट्रिय सहयोग निकाय (जाइका) को प्राविधिक सहयोगमा निर्माण भएको उक्त बसपार्क अहिले व्यवस्थित देखिन्छ । टहरा र फोहोर हटेसँगै यहाँको यातायात सञ्चालन पनि व्यवस्थित बन्दै छ । मुलुकमा पछिल्ला वर्षहरूमा बढ्दै गएको सवारीसाधनको चापको भार बसपार्कमा पनि परेको त छ, तर चुस्त ट्राफिक व्यवस्थापनका कारण भद्रगोल छैन ।

फोहोरको डुंगुर थुपार्ने कुनाकाप्चा पनि अहिले सफा छन् । त्यस्तै लामो दुरीका लागि टिकट काट्न जाने सर्वसाधारण यात्रुसँग मोलमोलाइ गर्ने विचौलियाहरू पनि अहिले कतै देखिन्नन् । न त पहिलेजस्तो धुलाम्मे फुटपाथमै खाना बनाएर बेच्ने ठेलाहरू नै बसपार्कभित्र भेटिन्छन् । यहाँ बिहान बेलुकै सफा गर्ने गरिएको छ भने ठुला बस तथा माइक्रोहरू पनि व्यवस्थित रूपमा मिलाएर पार्किङ गरिराखेको देखिन्छ । काठमाडौँ महानगरको स्वामित्वमा रहेको उक्त बसपार्क २०५६ सालमा तत्कालीन नगरप्रमुख केशव स्थापित र ल्होत्से बहुउद्देश्यीय प्रालिका तत्कालीन अध्यक्ष गेहेन्द्रबहादुर कार्कीबीच 'सार्वजनिक-निजी साझेदारी' अन्तर्गत सम्झौता गरेर नयाँ बसपार्क सञ्चालनमा ल्याइएको थियो ।

काठमाडौँबाट देशका विभिन्न जिल्लामा जाने लामो दुरीका बसलाई एउटै स्थानबाट व्यवस्थित रूपमा सञ्चालन गर्ने मुख्य उद्देश्यका साथ स्थापना गरिएको बसपार्कको व्यवस्थापन २०७१ सालदेखि भने इन्जिनियर दीपक कुँवरले गर्दै आएका छन् । सुरुको समयमा ४५० सार्वजनिक सवारीसाधन मात्र पार्किङ गर्न सकिने क्षमतामा रहेको नयाँबसपार्कमा २०७२ सालमा स्तरोन्नति गरी ८०० सवारीसाधन पार्किङ गर्न मिल्ने बनाइएको छ । इन्जिनियर कुँवरकै नेतृत्वमा बसपार्कभित्र अव्यवस्थित रूपमा रहेका टहरा हटाएर व्यवस्थित बनाइएको छ । अहिले नयाँबसपार्कभित्र एक नमुना बसपार्कमा हुनुपर्ने पूर्वाधार निर्माण गरिएको छ । उक्त बसपार्कभित्र व्यवस्थित टिकट काउन्टर, सवारीसाधनलाई आवश्यक पर्ने पेट्रोल पम्प निर्माण, सुविधासम्पन्न ल्होत्से मल, खाजा घर, अपांगमैत्री शौचालय निर्माण गरिएको छ ।

यसैगरी, बसपार्कभित्र हरियाली वातावरण निर्माणका लागि विभिन्न फलफूलका बिरुवाहरू रोपिएको छ भने सञ्चार, सूचना तथा प्रविधि मन्त्रालयको सहयोगमा निःशुल्क इन्टरनेट सेवा जडान गरिएको छ । बसपार्क र त्यस बाहिरको सुरक्षाका लागि नयाँबसपार्कभित्र प्रहरी प्रभाग र ट्राफिक प्रहरी वृत्त सञ्चालनमा रहेको छ । ल्होत्से बहुउद्देश्यीय प्रालिका अध्यक्ष इन्जिनियर कुँवर आफूले व्यवस्थापन गरेको एक दशकभित्र नयाँबसपार्कभित्र ठुलो आरोहअवरोह झेल्नुपरेको बताउँछन् । 'मैले व्यवस्थापनको जिम्मा लिएसँगै भूकम्प बेहोर्नुपर्‍यो, त्यसपछि नाकाबन्दी र कोरोना महामारीको समस्या भोग्नुपर्‍यो, यसको कारण काम गर्न कठिनाइ भयो, उक्त समस्या नआएको भए अझ काम गर्न सकिन्थ्यो भन्ने लाग्छ,' उनी भन्छन् ।

ठुलो क्षेत्रफलमा फैलिएको नयाँ बसपार्क सफाइका लागि मात्र दैनिक ५० सरसफाइकर्मी खटिएका छन् । यस्तै, बसपार्कभित्रको व्यवस्थापन र सञ्चालनका क्रममा सयौँले प्रत्यक्ष रूपमा रोजगार पाइरहेका छन् । ल्होत्सेले सम्झौताअनुसार हाल काठमाडौँ महानगरलाई १ करोड रुपैयाँभन्दा बढी वार्षिकरूपमा राजस्व तिर्दै आएको छ । ल्होत्सेले सम्झौताअनुसार बसपार्कभित्र निर्माण गरिएका संरचना सम्झौता सकिएपछि महानगरलाई हस्तान्तरण गर्नुपर्नेछ । पछिल्लो समय ल्होत्से बहुउद्देश्यीय प्रालिले यातायात प्रालिसँगको सहकार्यमा बसपार्कमा टिकट काउन्टरमा बस्ने कर्मचारीलाई अनिवार्य पोसाक र परिचयपत्रको व्यवस्था मिलाएको छ ।

बसपार्क छिर्ने मुखमा निर्माण भएको ल्होत्से मल सञ्चालनमा आएको ४ वर्षमा दुईपटक आक्रमणको सिकार बन्यो । २०७९ फागुन १ गते ट्राफिक प्रहरीले यातायात मजदुरलाई जथाभावी रूपमा दुःख दिएको भन्दै यातायात मजदुरले गरेको आन्दोलनका क्रममा मलभित्र लुटपाट हुनुका साथै उक्त मलको सिसा फुटाइयो । यस्तै, २०८२ भदौ २४ गते जेनजी आन्दोलनका क्रममा ल्होत्से मलमा आगो लगाइयो । पहिलोपटक ७ करोड र दोस्रोपटक ३५ करोड रुपैयाँको क्षति भएको थियो । हाल काठमाडौँको नयाँबसपार्कबाट देशका विभिन्न भागमा दैनिक ३५० देखि ४०० सार्वजनिक सवारीसाधन आवतजावत हुँदै आएका छन् । ल्होत्से बहुउदेश्यीय प्रालिका महाप्रबन्धक पंकज मल्ल नयाँबसपार्कभित्रबाट सार्वजनिक सवारीसाधनमार्फत दैनिक १० हजारभन्दा बढी यात्रु आवतजावत गर्ने गरेको बताउँछन् । हाल नयाँबसपार्कबाट देशभरका ६० भन्दा बढी जिल्लामा सार्वजनिक बस आवतजावत हुँदै आएका छन् ।

नयाँबसपार्कभित्र रातको समयमा आउने चालक, सहचालक र यात्रुको सुविधाका लागि नयाँबसपार्कभित्रै खान तथा सुत्नका लागि होटल तथा लजको व्यवस्था मिलाइएको छ । परम्परागत शैलीलाई विस्थापित गर्दै अहिले नयाँ बसपार्कमा कम्प्युटराइज्ड र अनलाइन टिकटिङ प्रणाली सुरु गरिएको छ । पूर्वयातायात व्यवस्थापन प्रालिले काठमाडौँबाट पूर्व चल्ने आफ्ना १०० भन्दा बढी सार्वजनिक सवारीसाधनमा अनलाइनमार्फत टिकट काट्न सकिने व्यवस्था मिलाइएको बताएको छ । पूर्वयातायात व्यवस्थापन प्रालिका सञ्चालक राजेन्द्र थापा पूर्वतर्फ चल्ने सबै सवारीसाधनमा सिसी क्यामरा जडान, अनलाइन टिकट काट्ने व्यवस्था मिलाइएको बताउँछन् । सञ्चालक थापा अनलाइन टिकटले गर्दा यात्रुहरू ठगिने डर कम भएको र घरमै बसेर टिकट बुकिङ गर्न सकिने सुविधाले सर्वसाधारणलाई सहज बनाएको बताउँछन् ।

पछिल्लो समय काठमाडौँका विभिन्न ठाउँमा यत्रतत्र छरिएर रहेका सार्वजनिक सवारीसाधनलाई नयाँबसपार्कभित्रबाट सञ्चालन गर्ने नीति काठमाडौँ महानगरपालिकाले लिएको छ । उक्त नीतिसँगै केही समय अगाडि माछापोखरी क्षेत्रको सडकबाट धादिङ, नुवाकोट, रसुवालगायतका जिल्लामा सञ्चालन हुँदै आएका सार्वजनिक सवारीसाधन नयाँबसपार्कभित्रबाट सञ्चालन हुन थालेका छन् । नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका प्रमुख सल्लाहकार एवं निवर्तमान अध्यक्ष विजयबहादुर स्वाँर प्रत्येक वर्ष बसहरू थपिँदै जाँदा नयाँबसपार्क साँघुरो हुँदै गएको बताउँछन् । उनले केन्द्रीय बसपार्कलाई अझै नमूना बनाउनका लागि यातायात व्यवसायी, मजदुर तथा ल्होत्से बहुउद्देश्यीय प्रालि सहकार्य गरेर अगाडि बढ्नुपर्ने आवश्यकता रहेको बताए ।

नयाँ बसपार्कको निर्माणसँगै हाल गौँगबु टोखा र माछापोखरी क्षेत्रमा झन्डै १ हजारको हाराहारीमा होटल तथा १०० को हाराहारीमा डान्सबार तथा दोहोरी रेस्टुराँ सञ्चालनमा रहेका छन् । उक्त होटल, रेस्टुराँ र पसलबाट हजारौँले रोजगारी पाएका छन् । नयाँबसपार्कले गौँगबु क्षेत्रको आर्थिक चलायमानमा ठुलो सहयोग पुगेको छ । नयाँ बसपार्क सञ्चालन रहेको काठमाडौँ महानगर-२६ का वडाअध्यक्ष ख्यामराज तिवारी नयाँ बसपार्क र यस क्षेत्रबाट काठमाडौँ महानगरलाई वार्षिक करोडौँ राजस्व संकलन हुने गरेको बताउँछन् । पछिल्लो समय नयाँबसपार्क क्षेत्रको सुरक्षासमेत राम्रो हुँदै गएको छ । प्रहरी वृत्त महाराजगन्जअन्तर्गत रहेको प्रहरी प्रभाग नयाँ बसपार्कले नयाँ बसपार्क र यस आसपासको सुरक्षा गरिरहेको छ । यस्तै, सामुदायिक सेवा केन्द्रले सामुदायिक प्रहरी र नेपाल प्रहरीमार्फत यहाँको सुरक्षामा ठुलो सहयोग गरिरहेका छन् ।

# 'उही प्रकृतिका बेरुजु दोहोरिनु वित्तीय अनुशासनका दृष्टिले चिन्ताको विषय'

■ सौर्य समाचार

काठमाडौँ । सभामुख डोलप्रसाद अर्यालले विश्वभर सार्वजनिक लेखापरीक्षणमा प्रयोग भइरहेको आधुनिक सूचना प्रविधि, तथ्यांक विश्लेषण तथा कृत्रिम बुद्धिमत्ताको उपयोग तीव्र रूपमा बढिरहेको परिप्रेक्ष्यमा नेपालको लेखापरीक्षण व्यवस्थापन प्रणालीलाई पनि थप परिष्कृत गर्न आवश्यक रहेको बताएका छन् । महालेखा परीक्षकको कार्यालयले आफ्नो ६८औँ वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्दै उनले कम्प्युटर सहायता प्राप्त लेखापरीक्षण उपकरणको प्रभावकारी प्रयोग, जनशक्ति विकास तथा संस्थागत क्षमता अभिवृद्धिमा यस कार्यालयले विशेष ध्यान दिने विश्वास व्यक्त गरे । लेखापरीक्षणका सम्बन्धमा जारी भएका मार्गदर्शन र निर्देशिकाको प्रभावकारी कार्यान्वयनबाट लेखापरीक्षणको गुणस्तर कायम हुने विश्वास व्यक्त गरे । बर्सेनि उही प्रकृतिका बेरुजु दोहोरिनु वित्तीय अनुशासन र सुशासनका दृष्टिले चिन्ताको विषय भएको सभामुख अर्यालको कथन थियो ।

'औँल्याइएका बेरुजुको समयमै फर्स्योट, आवश्यक सम्परीक्षण तथा भविष्यमा बेरुजु नै नआउने गरी वित्तीय व्यवस्थापनमा सुधार गर्नु तीनै तहका सरकार, लेखा उत्तरदायी अधिकारी तथा सम्बन्धित पदाधिकारीको साझा जिम्मेवारी र दायित्व हो,' सभामुख अर्यालले भने । सार्वजनिक स्रोतको प्राप्ति, परिचालन र उपयोगको स्वतन्त्र मूल्यांकन गरी सुधारका विषय औँल्याउने भएकाले महालेखा परीक्षकको कार्यालयप्रति राज्यका सबै निकाय तथा नागरिकको उच्च अपेक्षा रहेको सभामुख अर्यालको कथन छ । बर्सेनि करिब ६ हजार निकाय तथा कार्यालयहरूको लेखापरीक्षण निर्धारित समयमा सम्पन्न हुँदै आएकामा प्रसंशा गर्दै सभामुखले देशभरका हजारौँ सार्वजनिक निकायको सीमित स्रोतसाधनका बीच समयमै लेखापरीक्षण सम्पन्न गर्नु आफैँमा चुनौतीपूर्ण कार्य भएको बताए ।

नेपालको संविधानले महालेखा परीक्षकको कार्यालयलाई सार्वजनिक वित्तीय व्यवस्थापनमा पारदर्शिता र जबाफदेहिता सुनिश्चित गर्ने महत्त्वपूर्ण संवैधानिक जिम्मेवारी प्रदान गरेको जानकारी दिँदै उनले प्रदेश र स्थानीय तहमा समेत सोही व्यवस्था अनुरूप प्रतिवेदन प्रस्तुत गर्ने प्रणालीले सार्वजनिक उत्तरदायित्वलाई थप सुदृढ बनाएको धारणा व्यक्त गरे । उनले वार्षिकोत्सव केवल स्थापना दिवसको उत्सव मात्र नभई सार्वजनिक वित्तीय सुशासन, पारदर्शिता, जबाफदेहिता तथा वित्तीय अनुशासनप्रतिको साझा प्रतिबद्धतालाई पुनः स्मरण गर्ने एउटा महत्त्वपूर्ण अवसर भएको स्पष्ट पारे ।

लेखापरीक्षणलाई गुणस्तरीय बनाउन सुधारको प्रयासमा छौँ : महालेखापरीक्षक राया

महालेखापरीक्षक तोयम रायाले वित्तीय अनुशासन कायम गर्न र लेखापरीक्षण कार्यलाई थप गुणस्तरीय, पारदर्शी तथा जबाफदेही बनाउन विभिन्न सुधारका प्रयासहरू थालिएको जानकारी दिए । महालेखा परीक्षकको कार्यालयले आगामी दिनमा पनि सार्वजनिक क्षेत्रको लेखापरीक्षणलाई थप प्रभावकारी बनाउन अवलम्बन गर्नुपर्ने सबै उपाय लागू गरिने उनको कथन थियो । लेखापरीक्षण कार्यमा पारदर्शिता ल्याउन स्थलगत लेखापरीक्षण अवधिका क्रममा भर्चुअल माध्यमबाट सरोकारवालासँग चारपटक अन्तरक्रिया गरिएको र आगामी वर्षमा पनि त्यसलाई निरन्तरता दिइने उनको भनाइ छ । आन्तरिक रूपमा कर्मचारीको व्यावसायिक सक्षमता वृद्धिका लागि निरन्तर शिक्षा, विषयगत तालिम सञ्चालन गरिएको जानकारी दिँदै अन्तर्राष्ट्रिय संस्थाहरूसँग पनि सहकार्य गरिएको महालेखापरीक्षक रायाको भनाइ छ । नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीमार्फत संघीय तथा प्रदेश मन्त्रालय, र स्थानीय तहमा राय सहितको प्रतिवेदन सार्वजनिक गरिएको उनले उल्लेख गरे ।

कार्यक्रममा प्रतिनिधिसभा, सार्वजनिक लेखा समितिका सभापति भरतबहादुर खड्काले बेरुजु फर्स्योटका लागि संसदीय समितिकातर्फबाट भरपूर सहयोग रहने विश्वास व्यक्त गरे । उनले समितिले कार्यतालिका नै बनाएर छलफल गर्ने र फर्स्योटका लागि आवश्यक सहजीकरण गर्ने उल्लेख गरे । महालेखापरीक्षकको कार्यालयको ६३औँ वार्षिक प्रतिवेदनअनुसार, आर्थिक वर्ष २०८१/०८२ मा ९४ खर्ब ८४ अर्ब ५० करोड रुपैयाँ बराबरको लेखापरीक्षण गरिएको थियो । विभिन्न नीतिगत तथा प्रणालीगत सुधार गर्नुपर्ने सैद्धान्तिक बेहोराका ८८ अर्ब ९ करोड रुपैयाँ बराबरको बेरुजु औँल्याइएको छ । बाँकी अद्यावधिक बेरुजु ७ खर्ब ५५ अर्ब १७ करोड २२ लाख रुपैयाँ बराबर रहेको छ ।

३ वटा स्थानीय तह सम्मानित

लेखापरीक्षणबाट लगती बेरुजु नभएका ३ वटा स्थानीय तहलाई वार्षिकोत्सवका अवसरमा सम्मान गरिएको थियो । बागमती प्रदेश काभ्रेपलाञ्चोकको महाभारत गाउँपालिकाका अध्यक्ष कान्छालाल जिम्बा गण्डकी प्रदेश पर्वतको महाशीला गाउँपालिकाका अध्यक्ष ईश्वरीप्रसाद भुसाल र लुम्बिनी प्रदेश गुल्मीको धुर्कोट गाउँपालिका अध्यक्ष भूपाल पोखरेललाई सम्मान गरिएको थियो । लेखापरीक्षण क्षेत्रमा उत्कृष्ट काम गर्ने कर्मचारीलाई लेखापरीक्षण पुरस्कार तथा प्रमाणपत्र वितरण गरिएको थियो । कार्यक्रममा पूर्वउपलेखापरीक्षक पद्ममदयाल वादे श्रेष्ठलाई दीर्घजीवी लेखापरीक्षण सम्मान प्रदान गरिएको थियो ।


## काठ बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

**दोस्रो पटक सूचना प्रकाशन मिति: २०८३/०३/१६ गते मंगलबार**

डिभिजन वन कार्यालय, बर्दियाको लिलाम ईजाजत सहमति अनुसार समूहको घाटगद्धीमा राखिएको विभिन्न जातको गोलिया थान २१९८ को ६२०३.५० घ.फि. काठ हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफनै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट शिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि कार्यालय समयभित्र यस समूहमा सम्पर्क राख्न सकिने छ, साथै विस्तृत सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ।

**देउरानी फुलबारी सा.व.उ.स.**
**मधुवन-४, बर्दिया**

## PUBLIC NOTICE

**I, Lokesh Pareek** S/o Shri Ashok Pareek and Smt. Manju Pareek R/o. 19, Zakaria Street, Kolkata-700073 West Bengal. Passport No-R1719335 (India) and **Puja Sharma** D/o Subhash Kumar Sharma and Smt. Krishna Sharma R/o Mukti Chowk Ward no. 5 Birtamode 5, Jhappa Nepal. Passport no 11468840 have got married at **Rishi Bhawan, Siliguri, West Bengal on Friday 08 November 2019 (Date of Marriage) as per Indian Traditions** since then we have been living together as Husband and Wife. We have published this notice for Registration of our Marriage at Embassy of India, Kathmandu. If anyone has any objection to the marriage, He/she can contact **+977 9744970326** and Embassy of India Kathmandu on **cons.kathmandu@mea.gov.in**

## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय लुक्ला, सोलुखुम्बुको तपसिलमा उल्लेखित व्यक्तिगत जमानतकर्ताहरुलाई धितो लिलामबाट असुल उपर नभएको बाँकी कर्जा चुक्ता भुक्तान गर्न आउने तथा कालोसूचीमा समावेश गर्ने बारेको ९० दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८३/०३/१६ गतेको सौर्य राष्ट्रिय दैनिक पत्रिका

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिँदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता भुक्तान गर्नु भनी मिति २०८०/०९/१७ मा अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा उक्त सूचना समेतको वेवास्ता गरेको हुँदा ऋणीले कर्जा उपभोग गर्ने क्रममा लेखिदिएको धितो बिक्रीका लागि मिति २०८२/०२/२८ मा सौर्य राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम सम्बन्धी सूचना प्रकाशित गरी कर्जा असुलीको प्रक्रिया अवलम्बन गर्दा समेत ऋणीले उपभोग गरेको सम्पूर्ण कर्जा चुक्ता भुक्तान नभएको हुँदा नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरेको एकिकृत निर्देशनको ई.प्रा. निर्देशन नं. १२/०८२ को निर्देशन नं. ९ (४) (घ) को व्यवस्था बमोजिम यो सूचना प्रकाशित भएको मितिले ९० दिनभित्र बैंकको असुल उपर हुन बाँकी रहेको सम्पूर्ण रकम दाखिल गरी कर्जा चुक्ता भुक्तानी गर्नु/गराउनु हुन सम्बन्धित व्यक्तिगत जमानतकर्तालाई यसै सूचनाद्वारा अन्तिम पटक समय/म्याद प्रदान गरी यो सूचना प्रकाशित गरिएको छ ।

अन्यथा, यस पत्रको मितिले ९० दिनभित्र निज ऋणीले यस बैंकबाट लिएको/उपभोग गरेको सम्पूर्ण बक्यौता/लेना रकम नबुझाई कर्जा चुक्ता नगरेमा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, नेपाल राष्ट्र बैंकको निर्देशन, बैंकको नियम एवं कर्जाका शर्त अनुसार तपाई जमानतकर्ताको नाम नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्न सिफारिस गर्ने तथा बैंकको बाँकी बक्यौता रकम असुल उपरको लागि प्रचलित कानून बमोजिमको प्रक्रिया अवलम्बन गरि बाँकी बक्यौता रकम असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**तपसिल**

| ऋणीको विवरण | |
|---|---|
| रिन्जी लाक्पा शेर्पाको नाति, पेम्वा छिरी शेर्पाको छोरा, सोलुखुम्बु जिल्ला, साविक गुदेल गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल सोलुखुम्बु जिल्ला, खुम्बु पासाङल्हामु गा.पा./न.पा. वडा नं. २ बस्ने **सार्की शेर्पा** (ना.प्र.नं. १३४-१०२७७-५४२, जारी मिति २०५६/०१/२०, जि.प्र.का. सोलुखुम्बु) । | |
| **व्यक्तिगत जमानीकर्ताको विवरण** | |
| १. पेम्वा छिरी शेर्पाको नाति, सार्की शेर्पाको छोरा, सोलुखुम्बु जिल्ला, साविक खुम्बु पासाङल्हामु गा.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल सोलुखुम्बु जिल्ला, खुम्बु पासाङल्हामु गा.पा./न.पा. वडा नं. २ बस्ने **डिम तेम्बा शेर्पा** (ना.प्र.नं. ११२००५/०२, जारी मिति २०७७/०६/०५, सिमा प्र.का. नाम्चे) । | २. पेम्वा छिरी शेर्पाको बुहारी, सार्की शेर्पाको पत्नी, सोलुखुम्बु जिल्ला, साविक गुदेल गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल सोलुखुम्बु जिल्ला, खुम्बु पासाङल्हामु गा.पा. वडा नं. २ बस्ने **डिमी शेर्पा** (ना.प्र.नं. १११००५/५३, जारी मिति २०६४/११/१२, जि.प्र.का. सोलुखुम्बु) । |

Siddhartha Bank
शाखा कार्यालय : लुक्ला, सोलुखुम्बु
फोन नं. ०३८-५५०३००
Website : www.siddharthabank.com


# अपराध अनुसन्धानमा सूचनाप्रविधिको प्रयोग : सहजतासँगै चुनौती

■ सौर्य समाचार

दाङ । सूचना र प्रविधिको विकासले अपराध अनुसन्धानमा सहजता ल्याए पनि अपराध गर्नेहरूले पनि उच्च प्रविधिको स्वचालित प्रविधि प्रयोग गरेर अनुसन्धानमा थप चुनौती दिइएको निष्कर्ष निकालिएको छ । नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग तथा लुम्बिनी प्रदेश प्रहरी कार्यालय, दाङको आयोजनामा सोमबार बुटवलमा आयोजित लुम्बिनी प्रदेशस्तरीय एकदिने अपराध अनुसन्धान समीक्षा गोष्ठीका वक्ताहरूले नेपाल प्रहरीले पनि आफ्ना कार्यप्रणालीलाई आधुनिकीकरण गर्दै लैजानु अनिवार्य भइसकेको बताएका हुन् । नेपाल प्रहरीका प्रहरी अतिरिक्त महानिरीक्षक सुशीलसिंह राठौरले अपराध अनुसन्धानमा सूचना र प्रविधिले सहजतासँगै चुनौतीसमेत थपेको बताउँदै अपराध अनुसन्धानमा प्रहरी कर्मचारीको क्षमता विकास र प्रविधिको विकास हुन जरुरी रहेको बताए ।

नेपाल प्रहरीको मूल जिम्मेवारी नै वस्तुनिष्ठ, वैज्ञानिक र प्रमाणमुखी अपराध अनुसन्धान रहेको बताउँदै सूचना सञ्चार प्रविधिको द्रुत विकासले समाजमा सहजताका साथै अपराधको स्वरूपलाई अत्यधिक जटिल, प्रविधियुक्त र अत्याधुनिक बनाएको बताए । 'आजका अपराधीहरूले परम्परागत दायराभन्दा माथि उठेर संगठित, अन्तरदेशीय, आधुनिक स्वचालित र सीमापार अपराधका सञ्जालहरू सक्रिय रूपमा सञ्चालन गरिरहेका छन्,' उनले भने, 'डिजिटल तथा साइबर अपराधअन्तर्गत, सामाजिक सञ्जालको दुरूपयोग, वित्तीय अनलाइन ठगी र साइबर बुलिङजस्ता अपराधहरूले नेपाल प्रहरीका अनुसन्धान प्रणालीलाई नयाँ चुनौती थपिदिएको छ ।' नेपाल प्रहरीले व्यक्तिको जिउ, धन र मानवीय गरिमाविरुद्ध हुने जघन्य अपराधहरूप्रति शून्य सहनशीलताको नीति अवलम्बन गर्दै आएको बताउँदै उनले अपराध नियन्त्रण र सूचना संकलनका लागि 'समुदाय-प्रहरी साझेदारी' लाई थप सुदृढ बनाउन आवश्यक रहेको उल्लेख गरे ।

रूपन्देही जिल्ला अदालतका मुख्य न्यायाधीश अशोककुमार बस्नेतले कुनै पनि अपराधिक अनुसन्धान जटिल विषय रहेको बताउँदै पीडितको पहिलो न्यायाधीश प्रहरी मानिने भएकाले अपराधको अनुसन्धान गर्दा गहिराइमा पुगेर प्रमाण जुटाउनुपर्ने र अनुसन्धानलाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिए । प्रहरीले छिटो र छरितो रूपमा अनुसन्धानको कार्य अगाडि बढाउनुपर्ने र पीडितलाई न्यायको अनुभूति गराउनुपर्ने आवश्यकता रहेको बताउँदै उनले कतिपय अवस्थामा अनुसन्धानका क्रममा विवेक प्रयोग गर्न सक्नुपर्नेमा जोड दिए । रूपन्देहीका प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्यालले जिल्ला अपराधका नयाँ स्वरूप र चुनौतीहरूलाई सामना गर्न प्रहरी संगठनले आफूलाई परिष्कृत गर्दै लैजानुपर्ने र व्यवस्थापकीय पक्षमा सुधार गर्नुपर्नेमा जोड दिए ।

उनले अपराध अनुसन्धान केवल प्रक्रिया मात्र नभई यसले व्यक्तिको जीवन र समाजमा गहिरो असर पार्ने हुनाले अनुसन्धानमा लाग्ने प्रहरी कर्मचारी यसमा अत्यन्तै गम्भीरता र संवेदनशीलता अपनाउनुपर्ने बताए । लुम्बिनी प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायव महानिरीक्षक भूपेन्द्रबहादुर खत्रीले हरेक प्रक्रिया विधिसम्मत तवरले, प्रमाणमा आधारित भएर, विवेकपूर्ण र सत्यमा आधारित भएर अनुसन्धान अघि बढाउनुपर्ने बताए । 'एउटा सानो त्रुटि वा कमजोरीले पनि सम्पूर्ण अनुसन्धानको विश्वसनीयतामा प्रश्न उठ्न सक्छ,' उनले भने, 'यही कारणले अनुसन्धानमा व्यावसायिकता, अनुशासन, प्रमाणको वैज्ञानिक व्यवस्थापन तथा कानुनी प्रक्रियाको पूर्णपालनाको अर्को विकल्प छैन ।'

अनुसन्धानको सफलता केवल दोषीको पहिचान र अभियुक्त पक्राउ गर्नुमा मात्रै पनि सीमित नहुने बताउँदै उनले भने, 'अनुसन्धान त्यतिबेला सफल मानिन्छ, जब संकलित प्रमाणहरू न्यायमूर्तिका सामुन्ने बोल्न थाल्छ र प्रहरीको मिसिलले न्यायालयमा सत्यलाई स्थापित गर्न सफल हुन्छ ।' जिल्ला सरकारी वकिल कार्यालय रूपन्देहीका जिल्ला न्यायाधिवक्ता प्रकाश मरासिनीले अपराध अनुसन्धानलाई प्रभावकारी बनाउन प्रमाण संकलन, निश्चित समय सीमाभित्रको अनुसन्धान र अभियोजन प्रक्रियामा सुधार ल्याउने कुरामा जोड दिए । उनले विशेषगरी साइबर अपराध, अनलाइन ठगी र क्रिप्टोसम्बन्धी अपराधहरू बढ्दै गएको सन्दर्भमा प्रविधिको प्रयोग गरी अनुसन्धान गर्नुपर्ने आवश्यकता औँल्याए । नेपाल प्रहरी अपराध अनुसन्धान विभागका प्रहरी वरिष्ठ उपरीक्षक मुकुन्द मरासीनीले लुम्बिनी प्रदेशका १२ जिल्लाअन्तर्गत नेपाल प्रहरीका ४० एकाइमा दर्ता भएका मुद्दामा २०८३ वैशाखसम्ममा ७ हजारको संख्यामध्ये ५ हजार ६१६ मुद्दा फर्स्यौट हुन बाँकी रहेको जानकारी दिए । अदालतबाट फैसला भएर फैसला कार्यान्यनका क्रममा विभिन्न अपराधमा दोषी ठहर भएका ७ हजार ८०५ जना फरार रहेकोमा २ हजार ४ जना पक्राउ परेको तथ्यांकले समाजमा असुरक्षाको अनुभूति गराएको र पीडितको न्यायमा ढिलाइ भएक ो उनले बताए । कार्यक्रममा प्रदेशभरिका जिल्ला प्रहरी कार्यालय प्रमुख तथा मुद्दा चलाउने प्रहरी एकाइका प्रहरी अनुसन्धान अधिकारीहरूको सहभागिता रहेको जनाइएको छ ।

# मन्दिर निर्माणमा भ्रष्टाचार गरेको अभियोगमा ९ जनाविरुद्ध मुद्दा दायर

■ सौर्य समाचार

काठमाडौँ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नयाँ पर्यटन गन्तव्य पहिचान गर्ने उद्देश्यले सञ्चालित कार्यक्रममा भ्रष्टाचार भएको अभियोगमा बझाङको दुर्गाथली गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृतलगायत ९ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ । सो कार्यक्रमका लागि आर्थिक वर्ष २०७५/०७६ को स्वीकृत कार्यक्रमअन्तर्गत मन्दिर निर्माणका लागि निकासा भएको रकम हिनामिना गरेको पाइएको छ । आयोगले गरेको अध्ययनअनुसार छवीसपाथीभेरा गाउँपालिका-६ स्थित बाँठपाली देवता मन्दिर निर्माणका लागि ४५ लाख रुपैयाँ बराबरको रकम विनियोजन भएको थियो ।

संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलको बजेट तथा कार्यक्रमसहितको पत्रबमोजिम निकासा लिने, खर्च गर्ने, लेखा राख्ने, लेखापरीक्षण गराउने र बेरुजु फर्स्यौट समेतको जिम्मेवारी दुर्गाथली गाउँपालिकालाई दिइएको थियो । स्वीकृत लागत अनुमान ५६ लाख ७ हजार ८९७ रुपैयाँमध्ये उपभोक्ता सहभागिता ११ लाख ७ हजार ८९७ र कन्टिन्जेन्सीतर्फ २ लाख २५ रुपैयाँ बराबरको बजेट थियो । निर्माण भएकोभन्दा बढी काम भएको देखाई अस्वाभाविक दर राखी र सम्झौता बमोजिमको जनसहभागिता रकम कट्टा गरी नक्कली बिल भरपाईका आधारमा २२ लाख १ हजार ६६५ बराबरको रकम भुक्तानी गरेको आयोगको भनाइ छ ।

आयोगले दुर्गाथली गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत मकरबहादुर मण्डेल, लेखापाल प्रेमप्रसाद पौडेल, छविसपाथीभेरा गाउँपालिकाका इन्जिनियर हिक्मत रावल र सबइन्जिनियर बमबहादुर बोहराविरुद्ध २२ लाख १ हजार ६६५ रुपैयाँ बराबरको बिगो माग दाबी गरेको छ ।

# सामुदायिक विद्यालय महासंघको राष्ट्रिय सम्मेलन सुरु

■ सौर्य समाचार

काठमाडौँ । सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघ नेपालको दुईदिने राष्ट्रिय सम्मेलनको शिक्षाविद् केदारभक्त माथेमाले सोमबार काठमाडौँमा उद्घाटन गरे । उनले सम्मेलनमा शिक्षाको राष्ट्रिय प्राथमिकता, सामुदायिक विद्यालयको गुणस्तर वृद्धि, सरोकारवाला र अभिभावकको भूमिकाबारे धारणा व्यक्त गरेका थिए । प्राज्ञ माथेमाले सामुदायिक विद्यालयले समाजका हरेक तप्कालाई जोड्ने भएकाले अपनत्व विकास र सुधारमा निरन्तर लाग्नुपर्ने बताए । कार्यक्रममा शिक्षाविज्ञ डा.विष्णु कार्कीले विद्यालय शिक्षाको राष्ट्रिय प्राथमिकता र अभिभावकको भूमिकाबारे कार्यपत्र प्रस्तुत गरेका थिए । शिक्षा विशेषज्ञ डा.विद्यानाथ कोइरालाले कार्यपत्रमाथि टिप्पणी गर्दै शिक्षक र अभिभावक इमानदार हुनुपर्ने बताए । अभिभावक महासंघ नेपालका पूर्वअध्यक्ष सुप्रभात भण्डारीले दुर्गमका गरिब बालबालिकाका लागि राज्यले गुणस्तरीय शिक्षाको हक प्रदान गर्नुपर्ने धारण व्यक्त गरे । कार्यक्रममा महसंघका संस्थापक अध्यक्ष कृष्ण थापालगायतलाई सम्मान गरिएको थियो ।